# औरही गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः०७ संख्याः०१ मितिः २०८०।११।३०

## भाग-२

औरही गाउँकार्यपालिकले तल लेखिए बमोजिमको मापदण्ड तथा आधारहरू सर्व-सधारणको जानकारीको लागी प्रशासन गरिएको छ ।

# औरही गाउँपालिकाको स्थानीय भू- उपयोग क्षेत्र वर्गीकरण सम्बन्धी मापदण्ड तथा आधारहरू, २०८०

भू- उपयोगक्षेत्रवर्गीकरण सम्बन्धी मापदण्ड तथा आधारहरू, २०८०

## प्रस्तावना

भू- उपयोग ऐन , २०७६ तथा भू- उपयोग नियमावली , २०७९ को मापदण्ड तथा आधारहरुका अतिरिक्त देहाय अनुसार औरही गाउँपालिका क्षेत्रको जग्गालाई भू- उपयोग क्षेत्रमा वर्गीकरण गरिने प्रयोजनको लागि भू- उपयोग ऐन,२०७६ को दफा (५) को उपदफा (४) वमोजिम भू- उपयोग क्षेत्र नक्सालाई अध्यावधिक गर्न यो मापदण्ड र आधार जारी गरिएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भः-**

(क)मापदण्डको नाम “औरही गाउँपालिकाको भू- उपयोगक्षेत्र वर्गीकरण सम्बन्धी मापदण्ड तथा आधारहरू- २०८०”रहेकोछ।

(ख) यो मापदण्ड औरही गाउँकार्यपालिकाले स्वीकृत भएको मितिबाट औरही गाउँपालिका क्षेत्र भित्र लागू हुनेछ ।

१. परिभाषाः- विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा मापदण्डमा,

(क) “ऐन”भन्नालेभू- उपयोगऐन, २०७६ लाई सम्झनुपर्दछ ।

(ख) “नियमावली” भन्नालेभू- उपयोगनियमावली, २०७९लाई सम्झनुपर्दछ ।

(ग) “गाउँपालिका” भन्नाले औरही गाउँपालिका, धनुषा सम्झनुपर्दछ ।

(घ) “कार्यपालिका” भन्नाले औरही गाउँकार्यपालिका,धनुषा लाई सम्झनुपर्दछ ।

(ङ) “आवासीय क्षेत्र” भन्नाले मानवीय बासस्थानको लागि प्रयोग भएको घर , जग्गा तथा घरसँग जोडिएको वा नजोडिएको गोठ, भकारी, ग्यारेज, तवेला, इनार, फलफूल बगैंचा, करेसाबारी, आँगन वा त्यस्तै अरु कुनै काममा प्रयोग गरिएको जग्गा सम्झनु पर्छ र सो शब्दले बसोबासको लागि प्रचलित कानून बमोजिम तोकिएको कुनै क्षेत्रलाई समेत जनाउँदछ ।

(च) “औद्योगिक क्षेत्र” भन्नाले कुनै पनि कार्यस्थल वा वस्तु उत्पादन गर्ने उद्योग तथा सो सञ्चालन गर्ने प्रयोजनको लागि निर्माण गरिएका भवन, घर, टहराले चर्चेको जग्गा लगायत सो प्रयोजनको लागि छुट्याइएका जग्गा सम्झनुपर्छ र सो शब्दले कुनै निश्चित भौगोलिक क्षेत्रमा उद्योगप्रवर्द्धन गर्ने उद्देश्यले प्रचलित कानून बमोजिम तोकिएको विशेष आर्थिक क्षेत्रलाई समेत जनाउँद छ ।

(छ) “कृषिक्षेत्र” भन्नाले कृषि बाली उत्पादन , पशु/पन्छी पालन , फार्महाउस, मत्स्यपालन, माहुरीपालन, रेशम खेती लगायत कृषिजन्य उत्पादन, बागवानी वा वनबाटिका , जडिबुटी र कृषि वनको लागि प्रयोग भएको वा हुन सक्ने जग्गा सम्झनु पर्छ ।

(ज) “खानी तथा खनिजक्षेत्र ”भन्नाले प्रचलित कानून बमोजि म खानी तथा खनिज पदार्थको उत्खनन, उत्पादन, शुद्धीकरण, प्रशोधन, सञ्चय गर्ने प्रयोजनको लागि छुट्याइएको क्षेत्र सम्झनु पर्छ।

(झ) "तोकिएको" वा "तोकिएबमोजिम" भन्नाले ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ।

(ञ) "भू- उपयोग"भन्नाले भूमिको उपयोग सम्झनु पर्छ।

(ट) "भू- उपयोग क्षेत्र"भन्नाले ऐनको दफा ४ बमोजिम वर्गीकरण गरिएको क्षेत्र सम्झनुपर्छ।

(ठ) "भू- उपयोग क्षेत्र नक्सा"भन्नाले ऐनको दफा ५ बमोजिम तयार गरिएको भू - उपयोग क्षेत्र नक्सा सम्झनुपर्छ।

(ड) "भू- उपयोग योजना"भन्नाले भू-उपयोगलाई व्यवस्थित गर्न दफा ६ बमोजिम तयार गरिएको योजना सम्झनु पर्छ।

(ढ) "भूमि"भन्नाले पृथ्वीको सतह , सतहभन्दा सिधा तल पृथ्वीको केन्द्रसम्म र सतहभन्दा माथि पृथ्वीको गुरुत्वाकर्षणले भेट्ने सीमासम्मको भाग सम्झनु पर्छ।

(ण) "वनक्षेत्र"भन्नाले प्रचलित कानून बमोजिमतोकिएको वन क्षेत्र सम्झनु पर्छ।

(त) "व्यावसायिक क्षेत्र"भन्नाले बैङ्क, सहकारी र वित्तीय संस्था, पसल, होटेल, प्रदर्शनी कक्ष, पेट्रोल पम्प, गोदामघर, चलचित्र घर, स्वास्थ्य, सञ्चार, मनोरञ्जन सम्बन्धी सेवा , वस्तुको खरिद बिक्री हुने स्थान, कुनै साहित्यिक, वैज्ञानिक, प्राविधिक सेवा, सूचना तथा परामर्श उपलब्ध गराउने संस्था , अन्य कुनै व्यावसायिक प्रयोजनको लागि निर्माण गरिएको भवनले चर्चेको जग्गा तथा सो प्रयोजनको लागि छुट्याईएको जग्गा तथा पर्यटन व्यवसायले चर्चेको जग्गा सम्झनु पर्छ र सो शब्दले कुनै निश्चित भौगोलिक क्षेत्रमा बजार विस्तार गर्ने गरी प्रचलित कानून बमोजिम तोकिएको क्षेत्रलाई समेत जनाउँछ।

(थ) "सांस्कृतिक तथा पुरातात्त्विक महत्त्वको क्षेत्र "भन्नाले धार्मिकस्थल , धर्मशाला, पुरातात्विक महत्वका दरवार तथा प्रचलित कानून बमोजिम सांस्कृतिक तथा पुरातात्विक महत्त्वका क्षेत्र भनि तोकिएका क्षेत्र सम्झनु पर्छ।

(द) "सार्वजनिक उपयोगको क्षेत्र"भन्नाले विद्यालय, विश्वविद्यालय, छात्रावास, शवदाह स्थल, सडक, सिँचाईकुलो वा नहर, इनार, कुवा, चौतारी, पाटी, पौवा, गौशाला, उद्यान, बसपार्क, विमानस्थल, गौचर, खेलकुद मैदान तथाअन्य सार्वजनिक उपयोगको लागि निर्माण गरिएका भवन , घर, टहरा, स्थान तथात्यस्ता संरचनाले चर्चेको जग्गासम्झनु पर्छ र सो शब्दले कुनै निश्चित भौगोलिक क्षेत्रमासार्वजनिक उपयोगको क्षेत्र भनि प्रचलित कानून बमोजिम तोकिएको क्षेत्रलाई समेत जनाउँछ।

## २. भू- उपयोग क्षेत्र वर्गीकरण सम्बन्धी मापदण्डहरु

**वडा नं.१**

औरही गाउँपालिका वडा न.१ का भू- उपयोग क्षेत्र तपसिल बमोजिम बर्गिकरण गरिनेछः

**१. आवसिय क्षेत्र**

क) पछनारी टोल , पुरणदेहिया टोल . पौडेखर झिटकोइया टोलहरुको हकमा १० संयुक्त परिवार वासी भन्दा बढी एकै ठाउंमा बसोबास गरिएको वस्तीबाट ५० मिटरको अर्धव्यास सम्मका क्षेत्र आवसिय क्षेत्र अन्तर्गत रखिनेछ।

ख) हुलाकी राजमार्गको हकमा ५० मिटर दाया वाया आवसिय क्षेत्र, धनुषा देखि मडरियाको हकमा २० मिटर दाया वाया, झिट्कोइया देखि कपटोलको हकमा २० मिटर दाया वाया, पुरणदेहिया देखि नहरियाको हकमा २० मिटर दाया वाया , महेन्द्रनगर देखि जोम्बी नदी सम्मको हकमा २० मिटर दाया वाया, पोडेश्वर पछहरियाटोल देखि दैनि हुदै जलाद नदी सम्मको हकमा ३० मिटर र जोम्नी नदी देखि परणहिया हुंदै जलाद नदी सम्म २० मिटर सम्मका क्षेत्र आवसिय क्षेत्र अन्तर्गत रखिनेछ ।

**२. व्यवसायिक क्षेत्र**

क) हुलाकी राजमार्ग पौडेश्वर र झिटकोहीयाको हकमा ३० मिटर दाया वायाका व्यवसायिक क्षेत्र अन्तर्गत रखिनेछ ।

**३. नदिनाला ताल तलैया तथा सिमसारक्षेत्र**

क) जोम्नी र जलाद नदी क्षेत्रलाई नदिनाला ताल तलैया तथा सिमसार क्षेत्र अन्तर्गत रखिनेछ ।

**४. सांस्कृत तथा पुरातात्विक महत्वको क्षेत्र**

क) यस वडामा भएका सम्पुर्ण मठ मन्दिर गुठी भएका जग्गाहरुलाई सांस्कृतिक तथा पुरातात्विक महत्वको क्षेत्रमा रखिनेछ ।

**५. सार्वजनिक उपयोग क्षेत्र**

क) यस वडा भित्र रहेका सम्पुर्ण सरकारी विद्यालय , सामुदायिक तथा संघ संस्थाका भवनहरु खेल मैदान र सडक बाटहरुलाई सार्वजनिक क्षेत्रमा रखिनेछ ।

**६. कृषि क्षेत्र तर्फः**

औरही गा.वडा नं .पा.१अन्तर्गत माथि उल्लेखित क्षेत्र बाहेक का अन्य जग्गाहरु कृषि क्षेत्र भित्र रहेनेछन् ।

**वडा नं.२**

औरही गाउँपालिका वडा न.२ का भू- उपयोग क्षेत्र तपसिल बमोजिम बर्गिकरण गरिनेछः

**१. आवसिय क्षेत्र**

क) देउरी परवाहा, भराक गाउंहरुको हकमा १० संयुक्त परिवार वा सो भन्दा बढी एकै ठाउँमा बसोबास गरिएको बस्तिबाट ५० मिटरको अर्धव्यास सम्मका क्षेत्र आवसिय क्षेत्र अन्तर्गतरख्रिनेछ ।

ख) हुलाकी राजमार्गको हकमा ५० मिटर दाया वाया आवसिय क्षेत्र, धनुषा देखि मडरियाको हकमा २० मिटर व्यवसायिक क्षेत्र र ३० मिटर आवासिय क्षेत्र, मराकु परबाहा रोडको हकमा ३० मिटर सडकको दाया वाया आवासिय क्षैत्र, दुर्गा सडक एक र दुर्गा सडक २ को हकमा गाउंको वरपर ३० मिटर आवासिय क्षेत्र, हुलाकी लखोरी सकडमा ३० मिटर सडकको दाया वाया आवासीय क्षेत्र, मोहरीघाट सडक बेलटोल जाने सडक रामलला भगवानको मन्दिर देखि भडरिया जाने सडक जमुनी नदी सडक १ र २ को हकमा ३० मिटर सडकको दाया वाया आवासिय क्षेत्र रख्रिनेछ ।

**२. व्यवसायिक क्षेत्र**

क) हुलाकी राजमार्गको हकमा २० मिटर र धनुषा भडरिया सडकको हकमा २० मिटर सडकको दाया वाया व्यवसायिक क्षेत्र रख्रिनेछ।

**३. नदिनाला ताल तलैया तथा सिमसार क्षेत्र**

क) जोम्नी नदी क्षेत्रलाई नदिनाला ताल तलैया तथा सिमसार क्षेत्रअन्तर्गत रख्रिनेछ ।

**४. सांस्कृत तथा पुरातात्विक महत्वको क्षेत्र**

क) यस वडामा पर्ने सम्पुर्ण मठ मन्दिर, गुठी भएका सांस्कृतिक तथा पुरातात्विक महत्वकोक्षेत्रमा रख्रिनेछ।

**५. सार्वजनिक उपयोग क्षेत्र**

क) यस वडा भित्र रहेका सम्पुर्ण सरकारी विद्यालय , सामुदायिक तथा संघ संस्थाका भवनहरु खेल मैदान र सडक बाटहरुलाई सार्वजनिक क्षेत्रमा रख्रिनेछ ।

**६. कृषि क्षेत्र तर्फः**

क) औरही गा.पा. वडा नं. २ अन्तर्गत माथि उल्लेखित क्षेत्र बाहेक का अन्यजग्गाहरु कृषि क्षेत्र भित्र रहेनेछन् ।

**वडा नं.३**

औरही गाउँपालिका वडा न३. का भूःउपयोग क्षेत्र तपसिल बमोजिम बर्गिकरण गरिनेछ -

**१. आवसिय क्षेत्र**

क) वडा न ३ अन्तर्गत रहेका गाउंहरुको हकमा यस प्रकार आवसिय क्षेत्र राखिनेछ ।

- रुपटोल गाउँको ५० मिटर अर्धव्यास क्षेत्र
- विकमपुर गाउंको ५० मिटर अर्धव्यास क्षेत्र

ख) वडा न ३ अन्तर्गत रहेका सडकहरुको हकमा यस प्रकार आवसिय क्षेत्र राखिनेछ ।

- हुलाकी सडकको हकमा ५० मिटर सडकको दाया वाया
- क्षेत्रीय सडकको हकमा २५ मिटर सडकको दाया वाया
- रेलवे स्टेशन जाने सडक, भैरव स्थान जाने सडकको हकमा २५ मिटर सडकको दाया वाया
- अन्य गाउंको बाटोको हकमा १०० मिटर लम्बाई सम्म दाया वाया २५ मिटर ।

**२. नदिखोला, ताल सिमसार क्षेत्र**

क) तरकट्टा र बटौवा नदि लगायत अरु भएको सबै नदीलाई यस क्षेत्रमाराखिनेछ।

**३. सांस्कृत तथा पुरातात्विक महत्वको क्षेत्र**

क) निलकंठेश्वार महादिव मन्दिर, श्री गाइत्री शक्तिपिठ, कपटोल, रामजानकारी मन्दिर, सलहेश मन्दिर, कार्तिक मन्दिर , भैरव स्थल , अकरा मस्जित आदि क्षेत्रलाई सांस्कृतिक तथा पुरातात्विक महत्वको क्षेत्रमा राखिनेछ।

**४. सार्वजनिक उपयोग क्षेत्र**

क) श्री बहुमुखी प्रा.वि., श्री विकमपुर स्कुल , सरस्वती युवा क्लव, बजार सेट, मदरशा, मन्जरे इस्लाम र कब्रिस्तान आदिलाई सार्वजनिक उपयोग क्षेत्रमा राखिनेछ।

**५. कृषि क्षेत्र :**

भू-उपयोग वर्गीकरण सम्बन्धी मापदण्ड तथा आधारहरू, २०८०

औरही गा अन्तर्गत माथि उल्लेखित क्षेत्र बाहेक अन्य जग्गाहरु कृषि क्षेत्र भित्र ३.वडा नं .पा. रहेनेछन् ।

**वडा नं. ४**

औरही गाउँपालिका वडा न.४ का भू- उपयोग क्षेत्र तपसिल बमोजिम बर्गिकरण गरिनेछः

**१)सांस्कृत तथा पुरातात्विक महत्वको क्षेत्र**

क)राधाकृष्ण मन्दिर, सहलेश स्थान , भैरव स्थान , महेश्वर धाम , टर्की महारानी स्थान , दुर्गा महारान, मियाको मस्जित,पर्वीलाई सांस्कृतिक तथा पुरातात्विक महत्वको क्षेत्रमा राखिनेछ ।

**२)सार्वजनिक उपयोग क्षेत्र**

क)यस गाउंपालिकामा रहेको श्री मा.वि. औरही , श्री भैरव युवा क्लव , जानकी युवा क्लवलाई सार्वजनिक उपयोग क्षेत्रमा राखिनेछ।

**३)नदिनाला क्षेत्र**

क)यस गा.पा. मा रहेको कुलो र सार्वजनिक पोखरीहरुलाई यस क्षेत्रमा राखिनेछ।

**४)आवसिय क्षेत्र**

क) वडा न ४ अन्तर्गत रहेका सडकहरुको हकमा यस प्रकार आवसिय क्षेत्र राखिनेछ ।

- हुलाकी सडकको हकमा ३० मिटर दाया वाया
- ओम रोडको हकमा २५ मिटर सडकको दाया वाया
- रेलवे स्टेशन जाने सडक, भैरव स्थान जाने सडकको हकमा २५ मिटर सडकको दाया वाया
- स्कुल सकडकको हकमा सडकको भित्री भागमा १०० मिटर र बाहिरी भागमा १० मिटर ।
- परिक्रमा रोडको हकमा सडकको ३० मिटर दाया वाया
- श्री राम रोडको हकमा सडकको ३० मिटर दाया वाया
- बजरंग रोडको हकमा सडकको ३० मिटर दाया वाया
- महादेव रोडको हकमा सडकको ३० मिटर दाया वाया
- माथि उल्लिखित सडकहरु र कृषि सडक बाहेकको अन्य सडकहरुको हकमा ३० मिटर ।

भू-उपयोग क्षेत्र वर्गीकरण सम्बन्धी मापदण्ड तथा आधारहरू, २०८०

ख) वडा न ४ अन्तर्गत रहेका गाउंहरुको हकमा यस प्रकार आवसिय क्षेत्र राखिनेछ।

- यस वडा भित्र रहेकाप्रत्येक गाउँ ब्लकको दाया बाया १०० मिटर सम्म आवसिय क्षेत्र रहनेछ।

**५.कृषि क्षेत्र :**

औरही गा4. वडा नं .पा. अन्तर्गत माथि उल्लेखित बाहेक का अन्य जग्गाहरु कृषि क्षेत्र भित्र रहेनेछन।

**वडा नं.५**

औरही गाउँपालिका वडा न. ५ का भू- उपयोग क्षेत्र तपसिल बमोजिम बर्गिकरण गरिनेछः

**१) आवसिय क्षेत्र**

क) वडा न ५अन्तर्गत रहेकागाउंहरुको हकमा यस प्रकार आवसिय क्षेत्र राखिनेछ।

- चक्कर गाउंको हकमा १०० मिटर अर्धव्यास क्षेत्र ।
- हषाह गाउंको हकमा १०० मिटर अर्धव्यास क्षेत्र ।

ख) वडा न ५ र ६ अन्तर्गत रहेका सडकहरुको हकमा यस प्रकार आवसिय क्षेत्र राखिनेछ ।

- परिक्रमा रोडको हकमा सडकको १०० मिटर दाया वाया
- धनुषा रोडको हकमा सडकको १०० मिटर दाया वाया
- चक्रेश्वर सडक , हर्षमुनी सडक , सोनाई रोड , नयाँ रोड , स्वर्गद्धारी रोडको हकमा सडकको १०० मिटर दाया वाया
- भैरव रोड, हनुमान रोड, बजरग रोड, पोरानही रोड, हिनामदी रोड, सलाहेस रोड, १०० मिटर सडकको दाया वाया ।

**२) सांस्कृत तथा पुरातात्विक महत्वको क्षेत्र**

क) यस वडामा भएका सम्पुर्ण मठ मन्दिर गुठी भएका जग्गाहरुलाई सांस्कृतिक तथा पुरातात्विक महत्वको क्षेत्रमा रख्रिनेछ ।

**३) सार्वजनिक उपयोग क्षेत्र**

क) यस वडा भित्र रहेका सम्पुर्ण सरकारी विद्यालय , सामुदायिक तथा संघ संस्थाका भवनहरु खेल मैदान र सडक बाटहरुलाई सार्वजनिक क्षेत्रमा रख्रिनेछ ।

**४) सांस्कृत तथा पुरातात्विक महत्वको क्षेत्र**

भू- उपयोग क्षेत्र वर्गीकरण सम्बन्धी मापदण्ड तथा आधारहरू, २०८०

क) यस वडामा रहेको सबै मन्दिर , मस्जितलाई सांस्कृतिक तथा पुरातात्विक क्षेत्रमा राख्ने निर्णय गरियो ।

**५) नदिनाला क्षेत्र**

४. यस वडामा रहेको सबै नदिनाल , ताल, पोखरीलाई यस क्षेत्रमा नदिनाला ताल तलैया तथा सिमसार क्षेत्रअन्तर्गत रख्निनेछ ।

**६) कृषि क्षेत्र :**

औरही गा . वडा नं .पा.६ अन्तर्गत माथि उल्लेखित बाहेक अन्य जग्गाहरु कृषि क्षेत्र भित्र रहेनेछन ।

**वडा नं.६**

औरही गाउँपालिका वडा न.६ का भू- उपयोग क्षेत्र तपसिल बमोजिम बर्गिकरण गरिनेछः

**१. आवसिय क्षेत्र**

क) वडा न ५ र ६ अन्तर्गत रहेका गाउंहरुको हकमा यस प्रकार आवसिय क्षेत्र राखिनेछ।
- चक्कर गाउंको हकमा १०० मिटर अर्धव्यास क्षेत्र ।
- पोखरी भन्दा गाउंको हकमा १०० मिटर क्षेत्र ।

ख) वडा न ५ र ६ अन्तर्गत रहेका सडकहरुको हकमा यस प्रकार आवसिय क्षेत्र राखिनेछ ।
- परिक्रमा रोडको हकमा सडकको १०० मिटर दाया वाया
- धनुषा रोडको हकमा सडकको १०० मिटर दाया वाया
- गमदन पथको हकमा सडकको ३० मिटर दाया वाया
- चक्रेश्वर सडकको हकमा सडकको १०० मिटर दाया वाया
- भैरव रोड, हनुमान रोड , बजरग रोड , पोरानही रोड , हिनामदी रोड , सलाहेस रोड , भट्टी रोड, बजरंग रोडको हकमा सडकको ३० मिटर दाया वाया ।

**२. सांस्कृत तथा पुरातात्विक महत्वको क्षेत्र**

ख) यस वडामा भएका सम्पुर्ण मठ मन्दिर गुठी भएका जग्गाहरुलाई सांस्कृतिक तथा पुरातात्विक महत्वको क्षेत्रमा रख्निनेछ ।

**३. सार्वजनिक उपयोग क्षेत्र**

भू-उपयोग क्षेत्र वर्गीकरण सम्बन्धी मापदण्ड तथा आधारहरू २०८०

ख) यस वडा भित्र रहेका सम्पुर्ण सरकारी विद्यालय , सामुदायिक तथा संघ संस्थाका भवनहरु खेल मैदान र सडक बाटहरुलाई सार्वजनिक क्षेत्रमा रखिनेछ ।

**४. सांस्कृत तथा पुरातात्विक महत्वको क्षेत्र**

ख) यस वडामा रहेको सबै मन्दिर , मस्जितलाई सांस्कृतिक तथा पुरातात्विक क्षेत्रमा राखे निर्णय गरियो ।

**५. नदिनाला क्षेत्र**

४. यस वडामा रहेको सबै नदिनाल , ताल, पोखरीलाई यस क्षेत्रमा नदिनाला ताल तलैया तथा सिमसार क्षेत्रअन्तर्गत रखिनेछ ।

**६. कृषि क्षेत्र :**

औरही गा.वडा नं .पा.६ अन्तर्गत माथि उल्लेखित बाहेक अन्य जग्गाहरु कृषि क्षेत्र भित्र रहेनेछन्

**प्रमाणिकरण मितिः २०८०।११।२२**

**राजपत्रमा प्रकाशित मितिः २०८०।११।३०**

**आज्ञाले,**

**नामः सविर कुमार महतो**

**प्रमुख प्रशासकीय अधिकृत**

**औरही गाउँपालिका देउरी परवाहा धनुषा द्धारा प्रकाशित मुल्य रु १०**

भू-उपयोगक्षेत्रवर्गीकरणसम्बन्धीमापदण्डतथाआधारहरू, २०८०